# आ.व.२०७८/०७९ को
# दोस्रो नगर कार्यपालिका बैठकका निर्णयहरु

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
विक्रम संवत् २०७८ साल कार्तिक २९ गते

मिति : २०७८/०७/२९ गतेको नगर कार्यपालिकाको ५९ औं बैठक

प्रस्तावहरु

१)  नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदी) सम्बन्धमा ।

२) गत आ.व.को भुक्तानी सम्बन्धमा ।

३) कर्मचारीको विज्ञापन सम्बन्धमा ।

४) राहात सम्बन्धमा ।

५) दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

६) कर्मचारी प्रोत्साहन सम्बन्धमा ।

७) स्वास्थ्य चौकीको भवन निर्माण सम्बन्धमा ।

८) ९ नं वडा कार्यालयको भाडा रकम भुक्तानी सम्बन्धमा ।

९) योजनाको शीर्षक संशोधन सम्बन्धमा ।

१०) १५ शैयाको अस्पताल सम्बन्धमा ।

११) रकम विनियोजन सम्बन्धमा ।

१२) O & M  सम्बन्धमा ।

१३) जनप्रतिनिधिहरुको सुविधा सम्बन्धमा ।

निर्णय नं १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा यस नगरपालिका अर्न्तगत वहने मादी नदी स्थित सिसाखोला घाट तथा बाउँदी दोभान खण्डबाट आ.व. २०७८।०७९ मा नदीजन्य पदार्थ उत्खनन् संकलन तथा निकासी गर्नको लागि मिति २०७८/०५/१७ मा प्रथम पटक प्रकाशित र मिति २०७८/०६/२२ मा दोस्रो पटक प्रकाशित विद्युतिय बोलपत्र आव्हान सम्बन्धी सूचनामा समेत कुनै

पनि निर्माण व्यवसायीबाट बोलपत्र पेश हुन नआएकोले सो घाटहरुमा रहेको नदीजन्य पदार्थ प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा उत्खनन् तथा निकासीका लागि प्रदेश सरकारले तोकेको न्यूनतम दररेटमा राजश्व असूल उपर गर्ने गरी मिति २०७८।०८।१५ देखि नगरपालिका को तर्फवाट सिसाखोला घाटमा २ (दुई) जना र वाउदि दोभान घाटमा १ (एक) जना कर्मचारी नियुक्त गरि खटाउने । उक्त कर्मचारीहरुलाइ पारिश्रमिक वापत मासिक रु १८०००। उपव्ध गराइ नगरपालिकाले तोकेको समय सम्म काममा लगाउने । साथै निकासी भएको पदार्थको परिमाण प्रत्येक ७ दिनमा कार्यालयमा पेश गर्न लगाउने तथा उत्खनन् सम्वन्धी कार्यको नियमित अनुगमन नगरपालिका कार्यालय बाट गर्ने निर्णय गरियो ।

निर्णय नं २ :

प्रस्ताव नं २ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाको गत आ.व.मा भुक्तानी दिन बाँकी म.ले.प. फाराम नं १८ भरी खर्चको दायित्व समेत सारी बजेटको व्यवस्था समेत गरेकोले उक्त शीर्षकहरुको रकम भुक्तानी दिन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिकामा कार्यरत अमिन श्री प्रदिप राना पाँचौ तहमा नाम निकाली अन्यत्र सरुवा भई गएकोले सो रिक्त पदमा र भोर्लेटार स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व.श्री प्रल्हाद भक्त पौडेल सेवा निवृत्त भई जानुभएको हुँदा उक्त रिक्त स्थानमा र पशु सेवा शाखामा १ जना  कार्यालय सहयोगी पदमा करार सेवाबाट पदपूर्ति गर्नका लागि पन्ध्र (१५ दिन) को सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :

प्रस्ताव नं ४ उपर छलफल गर्दा मिति २०७७ असार २८ र २९ गतेको बाढी पहिरोको कारण आ-आफ्नो घरमा बस्न नहुने अवस्था सिर्जना भई अन्यत्र बसिरहेका व्यक्ति तथा परिवारको लागि खाने, बस्ने र कपडाको व्यवस्था गर्ने उद्देश्यले तपशिल बमोजिमका व्यक्तिहरुलाई प्रति परिवार रु १०,०००।- राहात स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १. होम बहादुर दर्जी, | मध्यनेपाल ६, सिम्पानी |
| २. हिरा परियार, | मध्यनेपाल ६, सिम्पानी |
| ३. रुपा दर्जी, | मध्यनेपाल ६, स्यानीस्वाँरा |
| ४. उपेन्द्र बहादुर परियार, | मध्यनेपाल ६, सिम्पानी |

| | |
|---|---|
| ५. एक माया दुरा, | मध्यनेपाल ६, विमिरेपानी |
| ६. मन बहादुर दर्जी भन्ने झकरे दमाई, | मध्यनेपाल ६, विमिरेपानी |
| ७. सिर्जना परियार, | मध्यनेपाल ६, सिम्पानी |
| ८. देवी माया कुवँर, | मध्यनेपाल ६, विमिरेपानी |
| ९. राजेन्द्र दर्जी, | मध्यनेपाल ६, विमिरेपानी |
| १०. क्षेत्र बहादुर दमै, | मध्यनेपाल ६, विमिरेपानी |
| ११. लक्ष्मी परियार, | मध्यनेपाल ६, सिम्पानी |
| १२. शर्मिला परियार, | मध्यनेपाल ६, सिम्पानी |
| १३. कृष्ण बहादुर परियार, | मध्यनेपाल ६, विमिरेपानी |
| १४. हरिमाया परियार, | मध्यनेपाल ६, विमिरेपानी |
| १५. जुना माया दर्जी, | मध्यनेपाल ६, बाँसपानी |
| १६. इन्द्री माया दर्जी, | मध्यनेपाल ६ |
| १७. गोरी दमै, | मध्यनेपाल ६ |
| १८. सन्त बहादुर परियार, | मध्यनेपाल ६ |
| १९. बल बहादुर नेपाली | मध्यनेपाल ४ |

निर्णय नं ५ :

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिका अर्न्तगत रहेका स्वास्थ्य संस्थाहरुलाई नेपाल सरकारबाट वितरण हुने औषधी तथा स्वास्थ्य सामाग्रीहरुको वार्षिक रुपमा खरिद गर्नको लागि आवश्यक पर्ने दररेट बनाउनको लागि मिति २०७८।०७।०२ मा प्रकाशित सूचनाको आधारमा प्राप्त दररेटबाट तयार गरिएको तुलनात्मक मूल्य सूची स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा मिति २०७८/०२/२७ को कार्यपालिका निर्णय बमोजिम कोरोना संक्रमणको समयमा कार्यरत कर्मचारीलाई उपलब्ध गराएको प्रोत्साहन भत्तालाई २०७८ श्रावण महिनासम्म लागु गर्ने गरी निर्णय गरियो ।

निर्णय नं ७ :

प्रस्ताव नं ७ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ९, बाँग्रेमा रहेको स्वास्थ्य चौकीको नयाँ भवन निर्माणको लागि आवश्यक न्यूनतम जग्गा चौकीको नाममा रहेको जग्गाबाट नपुग हुने देखिएकोले सोजग्गासँग जोडिएको सार्वजनिक जग्गालाई समेत प्रयोग गरी स्थानीय परम्परागत सुविधालाई असर नपर्ने गरी स्वास्थ्य चौकी निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ८ :

प्रस्ताव नं ८ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ९ वडा कार्यालयको कार्यालय भाडा २०७७ साल पौषदेखी बाँकी रहेकोले २०७७ पौषदेखि २०७८ असोजसम्मको प्रति महिना रु ५,५००।- का दरले नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ९ :

प्रस्ताव नं ९ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ६ को पूर्वाधार विकास तर्फको नगर स्तरीय योजनाको क्रम संख्या ४६ मा रहेको मिलनटोल धारे ढुंगा सडक शीर्षकलाई नाम रुपान्तरण गरी मिलनटोल धारे ढुंगा पैदल मार्ग बनाउने निर्णय गरियो ।

निर्णय नं १० :

प्रस्ताव नं १० उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ३, सूर्यपाल स्थित निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको अस्पतालको निर्माण शुरु गर्ने क्रममा डि.पि.आर.मा उल्लेखित गरेको परिमाण भन्दा बढी परिमाण जमिन कटान गरी सम्याउने पर्ने देखिएकोले Variation Order स्वीकृतीको लागि सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं ११ :

प्रस्ताव नं ११ उपर छलफल गर्दा यस नगरपालिका वडा नं ४ स्थित पाडेखोला पुल मर्मत गर्नको लागि नगर प्रमुख आर्थिक सहायता कोषबाट खर्च गर्ने गरी रु १ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १२ :

प्रस्ताव नं १२ उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन -२०७४ र कर्मचारी समायोजन ऐन - २०७५ बमोजिम स्थानिय तहले गर्ने O & M सर्वेक्षण गराए वापतको रकम रु १० लाख प्रतिष्ठा मल्टिपल सर्भिसलाई भुक्तानी दिने ।

निर्णय नं १३ :

प्रस्ताव नं १३ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकाका जनप्रतिनिधिहरुलाई प्रदेश सरकारको कानून अनुसार उपलब्ध गराउनुपर्ने विगतको बाँकी सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।